नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,धनुषा

जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha20@gmail.com
dhanushaavilekh@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

पत्र संख्या : ०८३/०८४
चलानी नं.:

मिति :- २०८३/०८/०१

विषय :- <u>नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सम्बन्धमा सूचना ।</u>

नेपाली नागरिकता (पाँचौ संशोधन) नियमावली, २०८३ मिति २०८३/०६/१५ मा नेपाल राजपत्रमा प्रकाशित भए अनुसार सो नियमावलीको नियम १६(ख), १६(ग) र १६(घ) बमोजिम नागरिकता प्रतिलिपि जारी गर्ने सम्बन्धमा नयाँ प्रावधान र व्यवस्था थप भएको छ । नेपाल सरकार गृह मन्त्रालयको च.नं. १८४, मिति २०८३/०७/०९ को परिपत्र अनुसार देहायका कागजात र प्रक्रिया पूरा गरी आफ्नो जिल्ला वा अन्य जिल्लाबाट समेत नागरिकता प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबै नागरिकहरुको जानकारीका लागि अनुरोध छ । साथै नागरिकता प्रमाण पत्रको प्रतिलिपि लिँदा तपसिल अनुसारका प्रक्रिया पूरा हुनु पर्नेछ ।

<u>तपसिल</u>

१. नागरिकता प्रमाण पत्र बाहकको हकमा जैविक विवरण राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (**NIDMIS**) प्रमाणीकरण भएको हुनुपर्नेछ ।
२. केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली (**CCIMS**) विवरण अद्यावधिक भएको हुनुपर्नेछ ।
३. काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा बसोबास गर्ने वा रहनु हुने धनुषा जिल्लाका नागरिकहरुले जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट नागरिकता प्रमाण पत्रको प्रतिलिपि लिन सकिनेछ ।
४. उपत्यका बाहेक अन्य ७३ जिल्लामा रहनु हुने यस जिल्लाका नागरिकहरुले आफू बसोबास गरिरहेको तत्-तत् जिल्ला प्रशासन कार्यालयबाट नै नागरिकता प्रमाण पत्रको प्रतिलिपि लिन सकिने ।
५. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (**NIDMIS**) र केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली (**CCIMS**) मा भएको विवरणसँग हुबहु भिडेको अवस्थामा नागरिकता प्रमाण पत्रको प्रतिलिपि माग गर्दा स्थानीय तहको सिफारिस आवश्यक नपर्ने ।
६. नागरिकता प्रमाण पत्रको प्रतिलिपिका लागि स्थानीय तहको सिफारिस आवश्यक नपर्नेको हकमा नागरिकता नियमावली (पाँचौ संशोधन)२०८३ को अनुसूची-१६ बमोजिमको ढाँचामा तथा बेजिल्लाको प्रतिलिपि माग गर्दा अनुसूची-१८ बमोजिमको ढाँचामा निवेदन (नेपाली कागजमा छापिएको) र आवश्यक पर्ने अन्य प्रमाण कागजातहरु पेश गर्नुपर्नेछ ।
७. नागरिकता ऐन एवं नियमावली बमोजिम नेपाली नागरिकता प्रमाण पत्र र प्रतिलिपिका सम्बन्धमा स्थानीय तहले गरेको सिफारिस ३५ दिनसम्म मात्र मान्य हुनेछ ।
८. नागरिकता प्रमाण पत्रको प्रतिलिपिका लागि रु. १०/- (दश) को हुलाक टिकट बाहेक अन्य थप कुनै पनि दस्तुर लाग्ने छैन ।

२०८३/०८/०१
सहायक प्रमुख जिल्ला अधिकारी